नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३
च.नं. ६६६६

मिति : २०८२/११/१५
ने.सं. : ११४६

विषय : निर्वाचनसँग सम्बन्धित सूचनाहरु पठाइएको ।

श्री जिल्लास्थित संघ तथा प्रदेश अन्तर्गतका सरकारी कार्यालयहरु (सबै), मोरङ ।
श्री स्थानीय तह (सबै), मोरङ ।
श्री जिल्लास्थित उद्योग वाणिज्य संघ/ संगठनहरु (सबै), मोरङ ।

प्रस्तुत विषयमा यही २०८२ साल फाल्गुण २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहीत र विश्वसनीय वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा यस कार्यालयबाट जारी सूचनाहरु पाना-९ आवश्यक जानकारी/कार्यान्वयन/समन्वय/सहजीकरणका लागि यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८२।११।१५

(पवन राज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेवसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१५
ने.सं. : ११४६

## अत्यावश्यक सेवाका सवारी साधनका लागि अनुमति पत्र सम्बन्धमा

गृह मन्त्रालयको मिति २०८२।११।१४ को निर्णय तथा सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिम एम्वुलेन्स, खानेपानीको ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दुरसञ्चार सेवा, शव वाहन, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कूटनीतिक नियोगको सवारी साधनको हकमा सवारी अनुमति पत्र लिनु नपर्ने व्यवस्था रहेकाले यही मिति २०८२ फाल्गुण २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनको दिन त्यस्ता अत्यावश्यक सेवाका सवारी साधनहरुलाई अनुमति पत्र आवश्यक नपर्ने र अत्यावश्यक सेवामा प्रयोग भएका सवारी साधनहरु सो सेवा बाहेक अन्य कार्य/गतिविधिमा प्रयोग भएको पाइएमा त्यस्ता सवारी साधन तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

२०८२/११/१५

(पवन राज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मोरङ

विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६१०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## पड्का, आतिसवाजी जस्ता कार्य तत्काल रोक्ने बारे सूचना

यही मिति २०८२ साल फाल्गुण २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनलाई भयरहीत, शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न निर्वाचन आचारसंहिता, २०८२ लागु भएको व्यहोरा सवैमा विदितै छ । यस समयमा विवाहका विभिन्न समारोह, पार्टी, उत्सव तथा चाडपर्व लक्षित विभिन्न किसिमका पट्का, भूइचम्पा, आतिसवाजीहरु पडकाउने गरेको पाइएकोले त्यस्ता कृयाकलापहरुले समाजमा अशान्ति एवं भय, त्रास सृजना हुन सक्ने भएकाले त्यस्ता कार्यहरु नगर्नु, नगराउनु हुन सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिन्छ । यो सूचना विपरीत उल्लेखित कृयाकलापहरु कोही, कसैले गरेको पाइएमा उक्त विवाह उत्सव, पार्टी, सभा समारोह गर्ने आयोजक, संलग्न व्यक्ति र सम्बन्धित पार्टी प्यालेस/सभागृह संचालक समेतलाई प्रचलित कानून बमोजिम तत्काल कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ ।

२०८२।११।१४
..................
(पवन राज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६१०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: (प्रशासन)०८२/८३
च.नं.

मिति : २०८२/११/१४
ने.सं.११४६

## प्रेस विज्ञप्ति

आगामी २०८२।११।२१ गते सम्पन्न हुन गइरहेको **प्रतिनिधि सभा सदस्य निर्वाचनमा** राज्यको सम्पुर्ण ध्यानकेन्द्रित भएको मौका छोपेर विगत केही समयदेखि बजारमा दैनिक उपभोग्य एवं अत्यावश्यक वस्तु तथा सेवाको परिणाम तथा गुणस्तरमा फरक पारी र आपूर्ति श्रृङ्खला अवरुद्ध गरी उपभोक्ता हित विपरीतका गतिविधिहरू भइरहेको भन्ने विभिन्न सञ्चार माध्यम तथा जनगुनासोहरू प्राप्त हुन आएकोमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उपभोक्ताको गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने संवैधानिक अधिकारको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हो। निर्वाचनको समयमा हुन सक्ने अस्वाभाविक कम तौल/परिणाम, मूल्यवृद्धि, कृत्रिम अभाव, जम्माखोरी र गुणस्तरहीन वस्तुको बिक्री वितरण जस्ता कार्यहरू **उपभोक्ता संरक्षण ऐन, २०७५ र प्रचलित कानून** बमोजिम दण्डनीय अपराध हुन्। अतः मोरङ जिल्लाभर सञ्चालित सम्पूर्ण उद्योगी, व्यवसायी तथा सेवा प्रदायकहरूलाई उपभोक्ताको हक हित र प्रचलित कानूनको पालना गर्दै आ-आफ्नो व्यवसाय सञ्चालन गर्न यसै विज्ञप्ति मार्फत सचेत गराइन्छ।

बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउने कार्यमा सहयोग पुर्याउनु सबै सरोकारवालाहरूको कर्तव्य भएको व्यहोरा स्मरण गराईन्छ साथै कानून विपरीतका कार्यहरुमा संलग्न जो कोहीलाई शून्य सहनशीलताको नीति अपनाई उपभोक्ता संरक्षण ऐन २०७५, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ र प्रचलित कानून बमोजिम जरिवाना तथा कैद सजाय समेत हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

०८२/११/१४
.............................
(सरोज कोइराला)
**सहायक प्रमुख जिल्ला अधिकारी**
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## मदिराजन्य वस्तु विक्री वितरण तथा सेवन सम्बन्धी अत्यन्त जरुरी सूचना

मिति २०८२ साल फाल्गुण २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहीत र विश्वसनीय वातावरणमा सम्पन्न गर्न मदिराजन्य पदार्थको उत्पादन, विक्री वितरण र उपभोगलाई व्यवस्थित गर्न गृह मन्त्रालयको मिति २०८२।११।१४ गतेको निर्णयानुसार निर्वाचनको ७ दिन अगाडि अर्थात मिति २०८२।११।१४ गते देखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मोरङ जिल्लाभित्र घरेलु मदिरा उत्पादन गर्न, सबै प्रकारका मादक पदार्थ विक्री वितरण गर्न तथा सेवनमा प्रतिबन्ध लगाइएको छ । यो सूचना विपरीतका कृयाकलापहरु कही कतै भए गरेको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

..................०८२।११।१४
(सरोज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेवसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## होली पर्वको सन्दर्भमा अत्यन्त जरुरी सूचना

रङ्गहरुको महान पर्व होली (फागु पुर्णिमा) को अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै यस वर्षको होली पहाडी क्षेत्रमा २०८२ फाल्गुण १८ गते तथा तराईमा फाल्गुण १९ गते मनाउन गइरहेकोमा २०८२ फाल्गुण २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मौन अवधिमा होली पर्व परेकाले निर्वाचनको संवेदनशीलतालाई मध्यनजर गरी आ-आफ्नो घर परिसर भित्र रही सभ्यतापूर्वक आफ्नो परिवारजनसँग मात्र सीमित भई यस वर्षको होली पर्व मनाउनुहुन सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिन्छ । साथै, घर बाहिर सार्वजनिक स्थलहरूमा होली पर्व नमनाउनुहुन, Orchestra/DJ/Music हरू नबजाउनुहुन र कुनै पनि किसिमको सामूहिक भोज-भतेर र सांस्कृतिक कार्यक्रम/प्रतियोगिताहरू तथा निर्वाचन आचारसंहिता विपरितका कुनै पनि प्रकृतिका कार्यहरू नगर्न/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन आचारसंहिता विपरितका कुनै पनि कार्यहरू भए/गरेको पाइएमा प्रचलित कानून अनुसार तत्काल कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ । यसबाट जिल्लावासीमा पर्ने असुविधा प्रति क्षमा प्रार्थी छौं ।

०८२।११।१४
(सरोज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## रमजान पर्वको सन्दर्भमा अत्यन्त जरुरी सूचना

इस्लाम धर्मावलम्वीहरुको महान महिना रमजानुल मुवारकको अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै यस वर्षको रमजान महिनाको (१३, १४, १५ हिजरी) तद् अनुसार फाल्गुण १९, २०, २१ गते रमजान महिनाको पावन दिनहरु मनाउन गइरहेकोमा २०८२ फाल्गुण २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मौन अवधि र मतदानको दिन उक्त पर्व परेकाले निर्वाचन संवेदनशीलतालाई मध्यनजर गरी आ-आफ्नो घर परिसर भित्र रही सभ्यतापूर्वक आफ्नो परिवारजनसँग मात्र सीमित भई यस वर्षको ३ दिन रमजान पर्व मनाउनुहुन सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिन्छ । साथै, घर बाहिर वा मस्जिदमा कुनै पनि किसिमको सामूहिक भोज- भतेर र सांस्कृतिक कार्यक्रम तथा निर्वाचन आचारसंहिता विपरितका कुनै पनि प्रकृतिका कार्यहरू नगर्न/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन आचारसंहिता विपरितका कुनै पनि कार्यहरू भए/गरेको पाइएमा प्रचलित कानून अनुसार तत्काल कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ । यसबाट जिल्लावासीमा पर्ने असुविधा प्रति क्षमा प्रार्थी छौं ।

...............
(सरोज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालयः ०२१-५१५२५१,५७६९०८
वेबसाईटः daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com


प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण सम्बन्धी सूचना

यही २०८२ साल फाल्गुण २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका सन्दर्भमा राजनीतिक दल, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिले निर्वाचन प्रचार प्रसारका लागि सवारी साधन प्रयोग गर्दा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट अनुमति पत्र लिई बढीमा २ (दुई) वटा स्वदेशी हलुका सवारी साधन (चार पाङ्ग्रे वा तीन पाङ्ग्रे वा दुई पाङ्ग्रे/ विद्युतीय वा यान्त्रिक) मात्र प्रयोग गर्न सकिने तर मौन अवधिमा उक्त सवारी साधनहरु प्रयोग गर्न नपाइने कानूनी व्यवस्था रहेको व्यहोरा विदितै छ ।

उपरोक्त कानूनी व्यवस्था विपरीत मोरङ जिल्लाका विभिन्न स्थानमा नियमानुसारको अनुमति पत्र नलिई निर्वाचन प्रचार प्रसारमा सवारी साधन प्रयोग भइरहेको भन्ने गुनासो प्राप्त भएकोले निर्वाचनमा सवारी साधनहरु प्रयोग गर्नु पर्दा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट अनुमति पत्र लिई प्रयोग गर्नु हुन सम्बन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ ।

उक्त कानूनी व्यवस्था विपरीत अनुमति पत्र नलिई कुनै उम्मेदवारले आफूखुसी सवारी साधन प्रयोग गरेमा वा अनुमति पत्र दिइएको सवारी साधन मौन अवधिमा प्रयोग गरेमा त्यस्तो सवारी साधन तत्काल कब्जा गरी प्रचलित कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

२०८२।११।१४

(पवन राज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## सवारी साधन सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

यही मिति २०८२ फाल्गुण २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन हुन गइरहेकोले उक्त दिन अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारी साधन) हरू, कूटनीतिक नियोगका सवारीसाधनहरू र निर्वाचनको दिनमा प्रयोग गर्ने गरी पास प्राप्त गरेका सवारीसाधन बाहेक अन्य सार्वजनिक तथा निजी सवारी साधनहरू संवत् २०८२ साल फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालन नगर्न, नगराउन हुन यो सूचना प्रकाशित गरिएको छ । साथै, यो सूचनाको वर्खिलाप हुने गरी सवारी साधन सञ्चालन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

..................
(सरोज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मोरङ

विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: ०८२/८३

मिति : २०८२।११।१४
ने.सं. : ११४६

## सीमा नाका बन्द हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यही २०८२ साल फाल्गुण २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहीत र विश्वसनीय वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा प्रतिनिधि सभा सदस्य एकीकृत सुरक्षा योजना, २०८२ र निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका अनुसार ७२ घण्टापूर्व सीमा बन्द गर्नुपर्ने व्यवस्था रहेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्न मिति २०८२।११।१८ गते राति १२:०० बजेदेखि २०८२।११।२१ गते राति १२:०० बजे (2nd March, 2026, 12:00 mid night to 5th March, 2026 mid night) सम्म आपतकालीन सेवा वाहेक मोरङ जिल्लास्थित नेपाल-भारत सीमा नाका बन्द हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

............
०८२।११।१४
(सरोज कोइराला)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी